च.नं. ०८२/८३
आ.व.०८२।८३

# वैठक नं ३

समयः दिनको ३:०० बजे

मितिः२०८२/६/२

यस गाउँपालिकाका गाउँकार्यापालिकाका अध्यक्ष श्री राम प्रसाद पाण्डेय ज्युको अध्यक्षता तथा तपशिल वमोजिमका कार्यापालिका पदाधिकारीहरूको उपस्थितिमा कार्यपालिकाको वैठक वसि निम्न अनुसारको प्रस्ताव माथी छलफल गरी देहाय अनुसारका निर्णय गरियो ।

**तपशिल**

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री राम प्रसाद पाण्डेय | गाउँपालिका अध्यक्ष | | |
| २. | श्री सावित्रा ज्ञवाली | गाउँपालिका उपाध्यक्ष | | |
| ३. | श्री घनश्याम न्यौपाने | वडा नं १ वडा अध्यक्ष | | |
| ४. | श्री नरेन्द्र वहादुर पल्ली | वडा नं २ वडा अध्यक्ष | | |
| ५. | श्री तेजकान्त अर्याल | वडा नं ३ वडा अध्यक्ष | | |
| ६. | श्री गुणाकर ज्ञवाली | वडा नं ४ वडा अध्यक्ष | | गाउँकार्यपालिका प्रवक्ता |
| ७. | श्री वीरवहादुर सोमै | वडा नं ५ का.वा.वडा अध्यक्ष | | |
| ८. | श्री नारायण रेश्मी | वडा नं ६ वडा अध्यक्ष | | |
| ९. | श्री कमला ज्ञवाली | कार्यपालिका सदस्य | कमला | |
| १०. | श्री देवकी पन्त | कार्यपालिका सदस्य | | |
| ११. | श्री भगवती न्यौपाने | कार्यपालिका सदस्य | भगवती | |
| १२. | श्री सावित्रा वि.क. | कार्यपालिका सदस्य | | |
| १३. | श्री चन्द्र वहादुर सार्की | कार्यपालिका सदस्य | | |
| १४. | श्री राम वहादुर वि.क. | कार्यपालिका सदस्य | | |
| १५. | श्री रुद्रहरि पुरी | सदस्य सचिव | | |

**अन्य उपस्थितीहरू**

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | हरि टण्डन | प्रशासकीय अधिकृत | |
| २ | पुस्कर खनाल | इन्जिनियर | |
| ३ | | | |
| ४ | ममता मेडी | अ.स. | ममता |

२०८२।०६।०२

मिति २०८२/०६/०२ गते बसेको कार्यपालिका बैठकका प्रस्तावना तथा निर्णयहरु बैठक नं २
समयः- दिनको ३:०० बजे

प्रस्तावनाहरु:

| क्र.स. | कार्यसूचीको विषय | प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|
| १. | शोक प्रस्ताव,दुखः व्यक्त तथा जानकारी सम्बन्धमा। | अध्यक्ष ज्यू मार्फत् | |
| २. | अघिल्लो कार्यपालिका बैठकका निर्णय कार्यन्वयन समिक्षा सम्बन्धमा । | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| ३. | ईलाका प्रहरी कार्यालय,रिडीलाई पुस्तकालय स्थापनाको लागि रकम सहयोग सम्बन्धमा। | अध्यक्ष ज्यू मार्फत् | |
| ४. | भूमिहिन दलित,भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुलाई जग्गा धनि दर्ता प्रमाण पूर्जा वितरण कार्यक्रम सम्बन्धमा। | अध्यक्ष ज्यू मार्फत् | |
| ५. | निःशुल्क कृत्रिम गर्भाधानको पारिश्रमिक सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| ६. | शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा। | अध्यक्ष ज्यू मार्फत् | |
| ७. | शिक्षा अधिकृतको पदपूर्तिको लागि लोक सेवा आयोगमा माग पठाउने सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| ८. | ढुंगा,गिट्टी बालुवाको आय ठेक्का आह्वान सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| ९. | कोजागत पूर्णिमाको दिन सार्वजनिक बिदा दिने सम्बन्धमा। | अध्यक्ष ज्यू मार्फत् | |

निर्णयहरु: १०. विविध

१. मिति २०८२ साल भाद्र महिनाको २३ र २४ गते भएको जेन जेड्को भ्रष्टाचार विरुद्धको आन्दोलनको क्रममा आफ्नो अमूल्य ज्यान गुमाउने सहिदहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गरियो। उक्त आन्दोलनको क्रममा घुस-पैठ भई सिंहदरवार,सर्वोच्च अदालत लगायतका राज्यका महत्वपूर्ण संरचनाहरुका साथै निजि तथा व्यवसायिक प्रतिष्ठानका भवनहरुमा समेत आगजनी गरि नष्ट गरिएको प्रति छत्रकोट गाउँ कार्यपालिका मार्फत् दुखः व्यक्त गरियो। साथै यस छत्रकोट गाउँपालिकामा समेत गैर जेन जेड्हरुको नेतृत्वमा गरिएका अराजक गतिविधीहरु राष्ट्रपति र नि.वर्तमान प्रधानमन्त्री,पूर्व गा.पा.अध्यक्ष र उपाध्यक्षको फोटो जलाउने,अध्यक्ष र उपाध्यक्षको नेम प्लेट,ह्याङ्गिङ नेम प्लेट,प्लाष्टिक कुर्चि २ वटा र व्याकहो लोडर र गाडिका टायर ४ थान जलाई नस्ट गरेको प्रति गाउँकार्यपालिकाको गम्भिर ध्यान आकर्षण भयो।
मिति २०८२ साल भाद्र महिनाको २२ गते अध्यक्ष श्री राम प्रसाद पाण्डेय कार्यालयको कामकाजको लागि छत्रकोटवाट काठमाडौंको लागि हिड्नुभएको, २३ गते भैरहवा एयरपोर्टमा BAA 0514 गाडी सुरक्षितरुपमा पार्किङ गरि काठमाडौं प्रस्थान गर्नुभएको र २४ गते अराजक घुस-पैठ कर्ताको समूहले अन्य गाडी सँग सँगै गाउँपालिकाको गाडीमा समेत तोडफोड पश्चात आगजनी गरेको व्यहोरा अध्यक्ष ज्यू मार्फत् कार्यपालिकामा जानकारी प्राप्त भयो।

२०८२।०६।०२

मिति २०८२/०६/०२ गते बसेको कार्यपालिका बैठकका प्रस्तावना तथा निर्णयहरु वैठक नं ३

समयः- दिनको ३:०० बजे

२. छत्रकोट गाउँपालिका गाउँकार्यपालिका मिति २०८२ भाद्र १३ गते बसेको वैठकको निर्णय कार्यन्वयनको अवस्था बारेमा समिक्षा गरियो, निर्णय कार्यन्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो।

३. ईलाका प्रहरी कार्यालय,रिडीलाई पुस्तकालय स्थापनाको लागि विभिन्न उपयोगी पुस्तक खरिद गरि पुस्तकालयमा व्यवस्थापन गर्नको लागि रु ५०,०००।—(अक्षरेपी रु पचास हजार मात्र) सहयोग गर्ने निर्णय गरियो।

४. भूमिहिन दलित,भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाई जग्गा धनि दर्ता प्रमाण पूर्जा वितरण गरी जानकारी गराउनको लागि भूमि समस्या समाधान आयोग,जिल्ला समिति गुल्मीवाट पत्राचार भएअनुसार मिति २०८२।०५।०५ गते विहान ९.०० बजे वितरण गर्ने निर्णय गरियो। साथै उक्त कार्यक्रममा भूमि समस्या समाधान आयोग केन्द्रिय अध्यक्ष,जिल्ला समितिका पदाधिकारी,जनप्रतिनिधीहरु(सबै),पूर्व गाउँपालिका अध्यक्ष,उपाध्यक्ष,वडा अध्यक्षहरु,राजनितिक दलका प्रतिनिधिहरु र पत्रकार-संचारकर्मीहरुलाई सहभागिताका लागि निमन्त्रणा गर्ने निर्णय गरियो।

५. निःशुल्क कृत्रिम गर्भाधान कार्यक्रम अन्तर्गत प्रति पशु(ठुला) कृत्रिम गर्भाधान गरेवापत रु ६००(रु छ सय) मा १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टा गरी पारिश्रमिक अघिल्लो आर्थिक वर्षमा भेटेनरी अस्पत्ताल तथा पशु सेवा विज्ञ केन्द्रवाट उपलब्ध गराउँदै आएकोमा यस आ.व. २०८२।०८३ मा उक्त कार्यक्रममा बजेट व्यवस्था नभएकोले आवश्यक व्यवस्था गर्न पत्राचार भएकोले यस छत्रकोट गाउँपालिकामा प्रति पशु(ठुला) निःशुल्क कृत्रिम गर्भाधान गरेवापत रु ६००(रु छ सय) मा १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टा गरी पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

६. मिति २०८२।०५।३१ गतेको शिक्षा समितिको निर्णय सर्वसम्मत रुपमा अनुमोदन गर्ने निर्णय गरियो।

७. यस छत्रकोट गाउँपालिकामा रिक्त रहेको स्थानीय शिक्षा सेवा,शिक्षा प्रशासन समूह, शिक्षा अधिकृत,सातौं तहको दरवन्दीमा स्थायी पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोगमा माग गर्ने निर्णय गरियो।

८. छत्रकोट गाउँपालिका अन्तर्गत रिडी, खर्ज्याङ्ग र बडिगाड खोलाको बिभिन्न बगर क्षेत्रबाट ढुंगा,गिट्टी र बालुवाको संकलन/उत्खनन् बिक्रि वितरणको लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन,भदौ,२०८० बमोजिमको परिमाणमा लुम्बिनी प्रदेश आर्थिक ऐन,२०८२ मा निर्धारित दररेट अनुसार आय ठेक्का आह्वान गर्ने निर्णय गरियो।

९. मिति २०८२।०६।२० गते कोजागत पूर्णिमाको अवसरमा छत्रकोट गाउँपालिकाको धार्मिक आस्थाको केन्द्र छत्रकोट देवालय,चोयगा मन्दिरमा सराय नाच लगायत विभिन्न कला संस्कृति सम्बन्धी मेला लाग्ने भएको हुँदा उक्त दिन छत्रकोट गाउँपालिका भित्र सार्वजनिक बिदा दिने निर्णय गरियो।

१०. छत्रकोट गाउँपालिकाको आ.व. २०८२।८३ को बार्षिक वजेट अन्तर्गत स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम(LISP) र गाउँपालिकाको साझेदारीमा कार्यान्वयन हुने दिगाम आदर्श मा.वि. देखि कालिकास्थान हुँदै चण्डिस्थान डाँडापोखरी मौलिपुर सडक स्तरोन्नती योजना छत्रकोट-४, वजेट रु [illegible] को योजनामा आन्तरिक स्रोत वाट रु ३,००,०००।— व्यहोर्ने गरि जम्मा